## उपाध्यक्षज्यूवाट प्रस्तुत आ.व. २०७४/७५ बजेट तथा कार्यक्रम

गजुरी गाउँपालिकाको दोश्रो गाउँसभा अधिवेशन समारोहका सभाध्यक्षज्यू। समारोहका प्रमुख अतिथि तथा माननीय सांसद श्री राजेन्द्र प्रसाद पाण्डेज्यू, विशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारी श्री महेश आचार्यज्यू, विशेष अतिथि स्थानीय विकासअधिकारी श्री जीबलाल भुसालज्यू,प्रमुख सेनानी श्री भरत बुढाथोकीज्यू, गजुरी गाउँपालिकाका कार्यकारी अधिकृतज्यू,

पूर्व सभापतिज्यू, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरू, पूर्व गाविस अध्यक्षज्यूहरू तथा उपाध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँसभाका अन्य सदस्यज्यूहरू, राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरू, क्याम्पसका तथा विभिन्नविद्यालयका प्रमुख तथा प्रतिनिधि ज्यूहरू विभिन्न विषयगत सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरू, राष्ट्रिय तथा अन्तराष्टिय् गैरसरकारी संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरू,पत्राकार महासंघ धादिङका अध्यक्ष लगायत सम्पूर्ण पत्रकार मित्रहरू, गाउँपालिका कार्यालय एवं वडा कार्यालयका  सम्पूर्ण कर्मचारी मित्रहरू,गजुरी गाउँपालिकाको गरिमामय दोस्रो ऐतिहासिक गाउँसभामा हाम्रो निमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनुभएका सम्पूर्ण गजुरीबासी आमाबुवा, दाजुभाई तथा दिदिबहिनीहरू लगायत उपस्थित सम्पूर्णमा हार्दिक स्वागत तथा सम्मान गर्दै चालु आर्थिक वर्ष २०७४।०७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु।

### सभाध्यक्ष महोदय

आजको यस पावन घडीमा आम नेपाली नागरिकहरूको स्वतन्त्रता र समृद्धिको लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धान्जली अपर्ण गर्दछु।सर्वप्रथम यस गजुरी गाउँपालिकाको  प्रथम बजेट नीति तथा कार्यक्रम प्रस्तुतिकरण समारोहको महत्वपूर्ण समयमा हाम्रो आमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनु भएका प्रमूख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू  गउँसभाका सदस्य ज्यू,  तथा उपस्थित सम्पूर्ण महानुभावहरूलाई हार्दिक अभिवादन सहित स्वागत गर्न चाहान्छु।

सम्बत् २०७४ बैशाख ३१ गते भएको स्थानीय तह पहिलो  निर्वाचनमा उत्साहाका साथ सहभागि भै आफ्नो अमूल्य मतबाट हामीलाई यस गाउँपालिकामा जनप्रतिनिधिको रूपमा विजय गराउनु हुने सबै गाउँपालिका बासीहरूमा हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु। गजुरी गाउँपालिकाको आ.व. २०७४/०७५ को वार्षिक बजेट नीति तथा कार्यक्रम यस गाउँपालिकाको उपाध्यक्ष हैसियतले यहाँहरू समक्ष पेश गर्न पाउँदा मलाई गौरव लागेको छ।

### सभाध्यक्ष महोदय

यस गाउँपालिका, नेपाल सरकारको कार्यकारी आदेश अनुसार  मिति २०७३ साल फागनु २७ गते देखि साविकका किरान्चोक, पिडा र गजुरी गाउँ विकास समितिको भुगोललाई समेटेर नेपालको संविधानले परिपल्कना गरेको स्थानीय तह रूपमा  गाउँपालिका  सञ्चालनमा आएको यहाँहरूलाई विधितै छ। पूर्वमा गल्छी, गाउँपालिका पश्चिममा वेनिघाट रोराङ, उत्तरमा त्रिशुली नदी र दक्षिणमा मकवानपूर सम्म फैलिएको यस गाउँपालिकामा प्रशस्तै मात्रमा भौगोलिक, प्राकृतिक र साँस्कृतिक विविधता रहेको छ। यहाँ विविध जाति तथा जनजातीहरूको बसोवास रहेको छ। उच्च महाभारत पर्वत देखि नदी किनारको समथर भुभाग सम्म रहेको यस गाउँपालिकामा प्रचुर मात्रामा प्राकृतिक सम्पदाहरू रहेको छ, जैविक साथै पर्यावरणीय विविधता भरिपूर्ण छ। यी क्षेत्रहरूको सम्बर्द्धन, संरक्षण तथा विकास गर्दै लैजाादा स्थानीय पर्यटनमा बढोत्तरी साथै आन्तरिक आय समेत बढोत्तरी

हुने देखिन्छ । साँस्कृतिक विविधता ,चेपाङ, तामाङ र मगर जातिहरूको विशिष्ट भाषा तथा संस्कृति, रहनसहन, रहेको यस गाउँपालिकामा उक्त भाषा र संस्कृतिको संरक्षण तथा विकासवाट यसलाई समावेशी र विशिष्ट सँस्कृति बोकेको गाउँपालिकाको रूपमा स्थापित गर्न सकिने सम्भावना रहेको छ ।

परम्परागत निर्वाहमुखी कृषिप्रणाली, कृषि क्षेत्रमा युवा पुस्तालाई आर्कषण गर्न नसक्नु ,पानीको प्रयाप्त स्रोत भएता पनि खानेपानीको उचित व्यवस्थापन हुन नसक्नु । सिचाइ अभावको कारणले गर्दा कृषिमा क्षेत्रवाट अपेक्षित प्रतिफल प्राप्त गर्न नसक्नु । भौतिक पूर्वाधारहरूको पयाप्त मात्रामा विकास हुन नसक्नु । कर्मचारी अभावको कारणले गर्दा वडा कार्यालयहरूको विस्तारमा हुन नसक्दा जनताको घरदैलो सम्म गाउँपालिकाको सेवा विस्तार गर्ने कार्यमा कठिनाइ हुनु स्थानीय तह संचालन सम्वन्धी कानुन समयमा परित हुन नसक्दा कार्य जिम्मेवारी र कार्यक्षेत्र बारेमा निर्वाचित प्रतिनिधिहरूमा थप अन्योलताले गर्दा सोचे जति प्रतिफल प्राप्त गर्न नसक्नू जस्ता अनगिन्ती समस्या हुँदाहुदै पनि भरखरै कार्यान्वयनमा आएको यस गाउँपालिकामा, एकातिर सञ्चालनमा रहेका भौतिक संरचनाहरूको दीगोपन तथा अब निर्माण तथा विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारहरूमा लगानीलाई निरन्तरता दिनुपर्ने आवश्यकता छ भने अर्को तर्फ आर्थिक सामाजिक र साँस्कृतिक उन्नतीका लागि, विकासका आयामहरू आथिक, सामाजिक, पूर्वाधार, संस्थागत विकास मार्फत स्वरोजगारी तथा रोजगारी सम्बन्धिका विविध प्रवर्धनात्मक क्रियाकलापहरू र सामाजिक विकासका आयामहरूमा शिक्षा तथा जनस्वास्थ्य, महिला तथा वालवालिका, आदिवासी जनजाति, दलित तथा पिछाडा वर्ग, अशक्त अपाङ र वृद्ध वृद्धा आदिका लागि संरक्षण, सशक्तिकरण र विकासका लागि आवश्यक कार्यक्रमहरूमा लगानी गर्न अपरिहार्य देखिन्छ । गाउँपालिका क्षेत्रमा रहेका यी आवश्यकताहरूको प्राथमिकीकरण गरी क्रमशः लगानी र विकास गर्दै लैजाने कार्य यस गाउँपालिका, विकास साझेदार तथा सरोकारवाला र सम्पूर्ण गाउँपालिकाका सरोकारवालाहरूको साझा जिम्मेवारी हो भन्ने मैले ठानेको छु ।

**सभाध्यक्ष महोदय,**

धार्मिक र पवित्र त्रिशुली नदी,नदीको वहाव सँगै समानान्तर भएर अगाडि बढ्ने पृथ्वी राजमार्गको कारणले गर्दा आन्तरिक र वाह्य पर्यटकको आगमनमा सहजता सँगै जलक्रिडा जन्य पर्यटन व्यवसायको लागि पयाप्त अवसर रहेका छ । प्रचुरमात्रमा प्राकृतिका स्रोत साधन उपलब्धताले गर्दा त्यसको समुचित उपयोगले आन्तरिक आयम वृद्धि गरि आर्थिक, सामजिक र भौतिक विकासका क्षेत्रमा लागानीको लागि स्रोतको पयाप्त हुने आधार र सम्भावन रहेको छ । भरखरै सम्पन्न भएको निर्वाचन मार्फत चुनिएका जनप्रतिधिति प्रति जनताको उच्च आसा र भरोसाले हामीलाई गाउँपालिकाको विकास निर्माण तथा जनताको सेवामा तल्लिन हुने अवसर र उत्प्रेरणा मिलेको छ । भरखरै स्थापना भएको यस गाउँपालिकाको आर्थिक विकासलाई उच्च र दिगो बनाउन, पूर्वाधार विकासका क्षेत्रमा प्रयाप्त लगानिको व्यवस्थापान गर्न । विकासमा जनसहभागिता र जन स्वामित्व सुनिश्चता गर्न । विकासका कृयाकलापहरू वातवरण मैत्री बनाउनु चुनौती देखेको छु । त्यसैगरी शिक्षा स्वास्थ र खानेपानी क्षेत्रको पर्याप्त मात्रमा स्रोतको सुनिश्चतता र विकास गर्नु । गाउँपालिकाको संस्थागत सुधार तथा सुसाशनका कायम गर्नु र जनताको घर दैलो सम्म गाउँपालिकाको सेवा विस्तार गर्नु । साथै विकासका क्रियाकलापहरूमा गुणस्तरिता कायम गर्नु मैलै उतिकै चुनौति देखेको छु । विगतदेखि नै कुनै न कुनै रूपमा अवलम्बन गरिदै आएको समावेशी विकासको अवधारणालाई व्यावहारिक रूप दिन जाति जनजाति र महिला दलित पछाडि परेको वर्ग संरक्षण शसक्तिकरणका लागि पयाप्त मात्रमा स्रोत व्यवस्थापन गर्नु, भरखरै स्थापना भएको स्थानीय तहको लागि निकै ठुलो चुनौती रहेको छ । निर्वाचनको वेला

जनतासमक्ष गरिएका वाच र प्रतिवद्धताहरू पयाप्त स्रोत साधनको अभाव र कतिपय कानुनी जटिलताले अपेक्षा गरे जति सम्बोधन गर्न नसक्नु पानि चुनौती रहेको छ ।

यिनै अबसर र चुनौतीहरूलाई मध्यनजर गरी एउटा शसक्त र योजनाबद्ध प्रयासले मात्र हामीले सोचेका उपलब्धिहरू हासिल गर्न सक्छौं भन्ने मान्यतालाई आत्मसात गर्दै मानव जीवनका विविध पक्षहरूमा सकारात्मक परिवर्तन ल्याउने दिशातर्फ अग्रसर हुन शुरूवातदेखि नै लागि परौ भन्ने सम्पूर्ण गाउँसभा सदस्यज्यू र गाउँपालिकावासीहरूमा मेरो अनुरोध छ ।

**सभाध्यक्ष महोदय**

नेपालको संविधनाको अनुसूची आठमा उल्लेखित अधिकार क्षेत्र भित्र रही टोल बस्तीवाट योजना संकलन गरी सहभागितामूलक योजना तर्जुमा पद्दतिको अनुसरण गर्नुका साथै स्थानीय राजनितिक दल, नागरिक समाज, वुद्धिजिवी र सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरू, पूर्व जन प्रतिनिधिज्यू अन्तरक्रिया, छलफलवाट प्राप्त सूझावहरू समेटी भरसक गाउँपालिकाहरूको आवश्यकता र चाहनासंग मेल खाने गरी गाउँपालिका बार्षिक नीति बजेट र कार्यक्रम तयार भएको ठानेको छु। एक तर्फ सिमित श्रोत साधान र अर्को तर्फ असिमित आवश्यकता पूरा गर्न नसकिने तथ्यलाई हामीले बिर्सन हुँदैन । तथापी प्राप्त माग एवं चाहनाहरूलाई प्राथमिकताको आधारमा सम्वोधन गर्न प्रयत्न गरिएको छु।

स्थानीय तहका गठनसँगै जनप्रतिधि वहाली नहुँदा सम्मको स्थितिमा सम्पूर्ण विकास निर्माणका कार्य अवरूद्ध भएको अवस्था साथै साविक पिडा गा.वि.सको गाउँपारिषद सम्पन्न हुन नसकी अबण्डमा रहेको रकमलाई प्रथम गाउँ सभा बसि विनियोजन गरिएको । जनप्रतिधि वहाली सँगसँगै विकास निर्माणका क्रियाकलापहरू सहज रूपमा अगाडि वढाउने कार्य भएको गाउँपालिकाका कार्यालयमा आन्तरिक संस्थागत सुधार गरिएको ।

**सभाध्यक्ष महोदय,**

गत आर्थिक वर्षको गाउँपालिका कार्यान्वयन पश्चात साविकका स्थानीय निकायवाट जिम्मेवारी सरेर आएको रू **१ करोड ४८ लाख ५४ हजार** नेपाल सरकारवाट रू **२ करोड ५६ लाख ४२ हजार** आन्तरिक स्रोतवाट **रू ६ लाख ७८ हजार** र राजश्व वाँडफाडवाट **रू ३६ लाख गरि जम्मा** रू **४ करोड ४७ लाख ७४ हजार आम्दानी प्राप्त भएकोमा** साथै चालु र कार्यक्रम **रू २९ लाख ७१ हजार** पूँजीगत कार्यक्रम तर्फ रू **२ करोड ७१ लाख ९६ छयानव्वे हजार** गरि जम्मा **रू ३ करोड १ लाख ६७ हजार खर्च** भएको थियो ।

आर्थिक सामाजिक पूर्वाधार सबै क्षेत्रको तिब्र गतिमा विकास गरी सुन्दर हरियाली र सफा गजुरी गाउपालिकाको निर्माण गर्ने गजुरी गाउँपालिकालाइ सामाजिक रूपले समावेशी र आर्थिक रूपले सवल र सक्षम भौतिक पूर्वाधार युक्त हरियाली गाउँपालकाको रूपमा विकास गर्ने । गाउँपालिकावाट दिइने सेवा सुविधाहरूलाई अझ बढि पारदर्शी सबल र नागरिकहरूकको गाउँपालिकाप्रति अपनत्व भाव विकास गर्ने सबैवडाहरू संचालनमा रहेका सडकहरूको स्तर क्रमस वृद्धि गर्ने । गजुरी गाउँपालिकाको मुख्य बजार क्षेत्रमा सौर्य सडक बत्तिको व्यवस्था हुनेछ ।

**अध्यक्ष महोदय**

नीति तथा कार्यक्रम तर्जुमाका क्रममा नेपालको साविधान चालु त्रिवर्षिया योजना, आ.व ०७४।७५ को नेपाल सरकारको बजेट वक्तव्य, विभिन्न क्षेगत नीतिलाई आधार लिएको छु। स्थानीय निकाय गठन पश्चातको

पहिलो बजेट सभा र जनप्रतिनिधि निर्वाचित भए पश्चात दोस्रो यस गरिमामय सभा समक्ष अब म आ.व ०७४।०७५ को वार्षिक बजेट अनुमानित आय व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु वर्षको लागि कूल रू ३३ करोड ९ लाख ७५ हजारको बजेट स्वीकृत लागि पेश गरको छ । ( विस्तृत विवरण अनुसूचीहरूमा समावेश गरिएको छ ।)

**कुल आय अनुमान तर्फ**

- आन्तरिक आय तर्फ रू ३ करोड ७० लाख
- नेपाल सरकारवाट प्राप्त हुने शशर्त अनुदान रू ९ करोड ५ लाख ९५ हजार
- वित्तीय समानिकारण अनुदान रू. १८ करोड ८८ लाख ९२ हजार
- गत वर्षको नगद मौज्दात १ करोड ४४ हजार गरी
- जम्मा रू ३३ करोड ९ लाख ७५ हजार अनुमानित आम्दानी पेश गरेको

**कुल व्यय अनुमान तर्फ**

त्यसै गरी चालु तर्फ रू. ४ करोड २५ लाख ९३ हजार

- शशर्त अनुदान चालु र पूँजीगत शिक्षा स्वाथ्य र कृषि तर्फ रू. ९करोड ५लाख ९५ हजार रहेको छ ।
- पूँजीगत खर्च तर्फ रू १९ करोड ७७ लाख ८७ करोड
- गरी जम्मा रू ३३ करोड ९ लाख ७५ हजारको व्यय अनुमान पेश गरेको छु

**अन्त्यमा,**

यस गजुरी गाउँपालिकाको आ.व. २०७४/०७५ को लागि प्रस्तावित बजेट नीति कार्यक्रम सम्वन्धी सभामा आफ्नो व्यस्त समयका वावजुद पनि उपस्थित भै कार्यक्रमको गौरव वढाईदिनु भएकोमा प्रमूख अतिथि, विशेष अतिथि र सम्पूर्ण उपस्थित मे मेरो व्यक्तिगत साथै सम्पूर्ण गाउँपालिकाको तर्फवाट हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै यस बजेटलाई सफल पार्न सबैले आ-आफ्नो क्षेत्रवाट सहयोग पुऱ्याउान पनि सवै गाउँपालिका बासी दाजुभाई दिदी बहिनीहरूमा विशेष आग्रह गर्दछु ।

धन्यवाद ! नमस्कार !!!

(सीता ढुंगाना)
उपाध्यक्ष
गजुरी गाउँपालिका